पोखरा महानगरपालिका
कास्की
गण्डकी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

वर्ष : ६ पोखरा खण्ड : ८१ प्रमाणित मिति: २०७९ माघ २३ गते

## भाग १

## सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४

## (तेस्रो संशोधन, २०७९)

## सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४
## (तेस्रो संशोधन, २०७९)

**प्रस्तावनाः** सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४ (तेस्रो संशोधन, २०७९)" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४ मुल ऐनको दफा १० उपदफा (१) खण्ड (छ) मा इन्जिनियरिङ्ग भन्ने शब्दको संगै "विज्ञान, वातावरण तथा पर्यावरण" भन्ने शब्दहरु थप गरिएको छ।

३. मूल ऐनको दफा १० उपदफा (१) खण्ड (ज) पछि देहाय बमोजिम खण्डको क्रम मिलाई देहाय बमोजिमको खण्ड (झ), (ञ) र ट थप गर्ने,-

(झ) सानिसा समितिले मनोनित गरेका नगर कार्यपालिका सदस्य मध्येबाट दुई जना सदस्य

(ञ) पोखरा महानगरपालिका शहरी योजना आयोगका उपाध्यक्ष वा पोखरा महानगरपालिकाको व्यवसाय प्रर्वद्धन केन्द्र प्रमुख मध्ये सानिसा समितिले मनोनित गरेको एक जना सदस्य

(ट) वातावरण सामाजिक तथा व्यवसायिक क्षेत्रमा क्रियाशिल तथा कार्याअनुभव गरेका व्यक्तिहरु मध्येबाट सानिसा समितिले मनोनित गरेको एक जना सदस्य भन्ने शब्दरु थप गरिएको छ।

खण्ड (झ) लाई खण्ड "(ठ)" कायम गरी क्रम मिलाई खण्ड "(ठ)" बनाइएको छ।

**प्रकाशन मिति : २०७९ माघ २३ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**